# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४] काठमाडौं माघ २५ गते २०११ साल [संख्या २६

## भाग १

### २०१० साल माघ ७ गतेको शाहीघोषणा

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल तारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबल गोरखा दक्षिण बाहु महाधिपति फिल्ड मार्शल सर्वोच्च कम्याण्डर इनचीफ श्री मन महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन बीर विक्रम जङ्ग बहादुर शाह बहादुर शम्शेर जङ्ग देवानाम सदा समर विजयिनाम:

आगे प्यारा प्रजा मैन्ह के यथोचित,

हाम्रो राज्यको विधान सम्बन्धी केही कुराहरूको विषयमा तथा केही कानूनी कुराहरूको व्याख्याको सम्बन्धमा केही शंका उत्पन्न हुन भएका कुरा हाम्रा ध्यानमा ल्याईएको हुनाले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा, हाम्रो प्यारो देश तथा प्यारा जनताहरूको हितको निमित्त, यस नाजुक संक्रमणकालमा

यस्ता शंक हरूलाई निर्मूल गर्न आवश्यक भएको हुनाले,

हामी श्री ५ महाराजाधिराज त्रिभुवन बिर बीक्रम शाहदेब बाट देहाए बमोजिमका कुराहरू घोषणा गरी जारी भरी बक्सेका छौं,

(१) अन्तरनिहित राजकिय सत्ता तथा शाही विशेषधिकार द्वारा कार्यकारिणि, व्यवस्थापिका तथा न्याय सम्बन्धी सर्वोच्च अधिकार राजामानै रहने हाम्रा महान पुर्खाहरूको पाला देखिनै चली आएको हाम्रो मुलुकको परम्परा र प्रथा हो। हाम्रा बिशिष्ट पुर्वाधिकारीहरू द्वारा सुम्पिएको अख्तीयार अनुसार सो अधिकार केही समयका लागी, वहाँहरूका प्रधान मंत्रीहरू द्वारा प्रयोग गरिएको थियो। फाल्गुन ७, २००७ को हाम्रा घोषणाद्वारा सो अख्तीयारी भिकिएको हुनाले अब सबै क्षेत्रमा सर्वोच्च अधिकार केवल हामीमा नै छ।

(२) हाम्रो प्यारो देशका जनताहरू, जननैहरूद्वारा निर्वाचित हुने प्रतिनिधिहरूद्वारा बनाइने प्रजातान्त्रीक संबिधानको अनुसार, शासित हुन भन्ने हाम्रो सदैव देखिको इच्छा र संकल्प छ. हाम्रो देशको परिस्थितिमा सम्भव हुने यथासक्य शिध्रताको साथ, संबिधान सभाका लागी चुनाव गरिने प्रयत्न गरिँदै छ। हाम्रो देशको संबिधान त्यहि हुनेछ जुन यस संबिधान सभा द्वारा तयार गरिने छ.

(३) निर्वाचित संबिधान सभाद्वारा संबिधान तयार नगरे सम्म" अन्तरिम समयका लागी, देशको शासनमा जनतालाई सरिक गराउने हाम्रो सैदैव देखि भै रहेका इच्छा र संकल्प छ. हाम्रो यी संकल्पहरू अनुसार हामीबाट समय समयमा जनताको आवश्यकतानुसार बिभिन्न मंत्री मण्डलहरू, तथा केही छोटो अबधिका लागी पर्न आएको बिशेष परि-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थितिमा, परामर्श दातृ मंण्डलको सहायता बाट, शासन गरी बक्सेका थियौं। हाम्रो मंत्रीमण्डल तथा अरू बिभिन्न अंगहरूको पथ प्रदर्शनका लागी हामी बाट आफ्नो अधिकार द्वारा नेपाल अन्तरिम विधान, २००७ नामक एउटा कानून जारी गरी बक्स्यौं तथा यस कानून लाई पछि २ पटक संशोधन पनि गरी बक्स्यौं. यस्तै किसिम संग जनताको बेहत्तर शासनका लागी हामीबाट अरू पनि धेरै कानून तथा नियमहरू जारी गरी बक्सेका छौं यी सबै ऐन तथा नियमहरू, हामीबाट आफ्नो राजकिय सत्ताको अन्तर निहित अधिकार तथा शाही विशेषाधिकारको प्रयोग द्वारा; जारी गरी बक्सेका छौं र; यी ऐन र नियमहरू हामीबाट समय समयमा गरिने संशोधन तथा रूपान्तरको अधीन रही भर मुलुकमा पूरा तवरले लागू हुने छन्. यस्तै किसिम संग, राजकिय-सत्ताको आफ्नो अन्तर निहित अधिकार तथा शाही विशेषाधिकारबमोजिम हामी बाट अहिले सम्म गरी आए झैं कानून बनाउने काम जारी राखी बक्सने छौं, र हाम्रा यस्ना सबै ऐनहरू भर मुलुकको लागी, कानून सरह लागू हुनेछ, कानून बनाउने क्षेत्रमा, हामीबाट उपर्युक्त अवसर आएपछि किटानसाथ लेखिए अनुसार केही समित अधिकार सल्लाहाकार सभा जस्तै कुनै अंगलाई सुम्पन सकी बक्सने छौं. आफ्नो इच्छा तथा संकल्पहरू अनुसार हामीबाट पछि खडा गर्न सकि बक्सने कुनै अंग द्वारा, जसलाई कि हामीबाट आफ्नो कानून बनाउने अधिकार, तोकिएको हद सम्म सुम्पन सकि बक्सने छौं सम्पूर्ण स्थिति, कानून तथा सम्पूर्ण बिधिहरूलाई दोहाऱ्याउन र पुनरावलोकन गर्न सकिने छ. त्यस बेला सम्म कानून बनाउने क्षेत्रमा सर्वोच्च अधिकार चली आएबमोजिम हामीमानै रहने छ।

(४) न्याय क्षेत्रमा हामीबाट आफ्नो इच्छा तथा संकल्पहरू अनुसार अन्तरिम शासन विधान तथा त्यसपछिको प्रधान न्यायालय ऐन द्वारा आफ्नो केही अन्तरनिहित अधिकारहरू प्रधान न्यायालयलाई सुम्पी सकी बक्सेका छौं। नियमानुसार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

निर्वाचित संविधान सभाद्वारा एउटा उपर्युक्त संविधान नबनाएसम्म समय समयमा संशोधित भएका यी ऐनहरू द्वारा प्रधान न्यायलय लाई नसुम्पेको जुनसुकै न्याय सम्बन्धी अधिकारहरू पनि हामीमा नै रही रहने छ भन्ने कुरा स्पष्ट हुनु पर्दछ हामीबाट आफ्नो अधिकार अन्तर्गत जारी गरी बक्सेका कानूनहरू द्वारा कुनै अदालत अथवा अरू कुनै अधिकारी लाई अधिकार नसुम्पेसम्म सो नसुम्पेको अधिकार प्रयोग गर्न सकिने छैन भन्ने पनि स्पष्ट हुनु पर्दछ ।

(५) कार्यकारिणी क्षेत्रमा, आफ्नो इच्छा तथा सङ्कल्पहरू अनुसार हामीबाट आफ्नो प्यारा प्रजाहरूको आवश्यकताअनुसार एउटा मन्त्रीमण्डको सहायताबाट शासन गरी रही बक्सेका छौं, हामीबाट समय समयमा जारी गरी बक्सेका विभिन्न ऐन तथा नियमहरू अनुसार कार्यकारिणी अधिकार यस मंत्री मण्डललाई निर्दिशित तरिकाबाट सुम्पी बक्सेका छौं. हामीबाट अथवा हाम्रो अधिकारबाट जारी गरिएका ऐन नियम अथवा सवालहरू अनुसार, हाम्रो मन्त्रीहरू तथा तिनिहरू मातहतका सरकारी कर्मचारीहरूले प्रयोग गरेको अधिकार अथवा शक्ति, हमेशा कार्य कारिणी अधिकारको उचित र उपर्युक्त प्रयोग हुने र भएको मानिनेछ र तसर्थ यस विषयमा कुनै अदालतमा पनि कुनै सवाल जवाफ गर्न सकिने छैन. जनता को पीर मर्का हटाउनको निमित्त उचित कार्य विधि तथा उपर्युक्त उपाय हरूको सम्बन्धमा, कार्यकारिणी अधिकारको उपयोगको विभिन्न क्षेत्रमा व्यवस्था गरिने छ ।

(६) यस प्रकारका सङ्काहरूलाई अझ निवारण गर्नाका लागी, हामीबाट, प्रचलित कानून हरूमा केही संशोधन गर्ने व्यवस्था गर्न लागी बक्सेकाछौं. तैपनि हाम्रो यो घोषणा लाई हाम्रा प्रजा, सबै सरकारी था गैन्ह सरकारी संस्थाहरू, सबै सरकारी कर्मचारीहरू तथा सबै अदालतहरूद्वारा पूरा मान्यता दिईने छ

हाम्रो बाहुली नीशाना तथा लालमोहर बाट, आज माघ ७ गते, २०१० को दिन जारी गरिएको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०

केही कानूनी शव्दहरु तथा शव्द समूहहरुको प्रामाणिक परिभाषा हुनु उचित देखिएकोले श्री ५ महाराजाधिराज बाट आफ्नो राजकीय शक्ति र शाही विशेषाधिकारको प्रयोग गरी देहाएको ऐन बनाई जारी गरी बक्सेको छ।

१. संक्षिप्त नामः—यस ऐनलाई "नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०" भनिने छ।

२. परिभाषाः— बिषय वा प्रसंगबाट अर्को अर्थ नलागेमा यस ऐन वा अरु नेपाल ऐनहरुमा :—

(क) कार्य— फौजदारी या देवानी कसूरको प्रसगमा प्रयोग गरेको "कार्य" भन्ने शव्द भित्र कार्यहरुको समूहसमेत पर्दछ र गरेका कार्यहरुलाई जनाउने शव्दहरुले कानूनले गर्नु पर्ने नगरेको समेत जनाउँछ।

(ख) परिच्छेद— यो शव्दले "परिच्छेद" भनी जनिएको नेपाल ऐनको कुनै परिच्छेद सम्झनु पर्छ।

(ग) प्रारम्भ-- नेपाल ऐनको प्रसंगमा प्रयोग गरिएको 'प्रारम्भ' भन्ने शव्दले ऐन लागू हुने दिनलाई सम्झनु पर्छ।

(घ) लिखत— यो शव्दले अक्षर, अंक तथा चिन्हहरुद्वारा कुनै विषयलाई लेखबद्ध गर्ने कामको निमित्त प्रयोग हुन सक्ने वा प्रयोगमा ल्याउने मनसाय गरीएको उक्त साधनहरु मध्ये एक वा एक भन्दा बढी साधनहरु द्वारा कुनै बस्तुमा लेखिएको, प्रकट गरीएको तथा बर्णन गरीएको विषयलाई लिइने छ।

(ङ) ऐन— यो शव्दले ऐन, सवाल वा तिनमा लेखिएको कुनै कुरालाई समेत जनाउँछ।

(च) बाबु— यो शव्दले कानूनबमोजिम धर्मपुत्र राख्न पाउनेमा सो राख्ने बाबुलाई समेत जनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) आर्थिक बर्ष — यो शब्दले श्रावण संक्रान्ति देखि शुरु हुने साललाई सम्झनु पर्छ।

(ज) लापरवाहीसाथ गरेको वा नगरेको जे भएतापनि वास्तवमा इमान्दारी साथ गरीएको कामलाई "असल नियतले गरेको" मानिने छ।

(झ) सरकार— नेपाल अन्तरीम शासन विधान, २००७ लागू भएपछी गरीएको वा गरिने कुनै कामको सम्बन्धमा सो ऐनबमोजिम मन्त्रीहरुको सलाह अनुसार काम गर्ने श्री ५ माहाराजाधिराजलाई सरकार सम्झनु पर्छ।

(ञ) श्री ५ माहाराजराधिराजका सम्बन्धमा प्रयोग गरीएका शब्दहरुले राजकीय परिषद् ऐन, २०१० बमोजिम बनेको राजकीय परिषद्लाई समेत सम्झनु पर्छ।

(ट) अचल सम्पत्ति- भन्नाले जग्गा जमीन, त्यसबाट हुने लाभ, जमीनमा जडीएका चीज बस्तुसमेत जनाउँछ।

(ठ) नेपाल ऐन– यो शब्दले २००७ साल फागुण ७ गते उपान्त श्री ५. महाराजाधिराजबाट जारी गरी बक्सेको कुनै ऐन र नेपाल अन्तरीम शासन विधान, २००७ अन्तरगत बनेको जुनसुकै ऐनलाई पनि सम्झनु पर्छ।

(ड) नेपाल कानुन–यो शब्दले नेपाल ऐन बा नेपालको कुनै भागमा कानुन सरह लागू हुने ऐन, सवाल नियम, आदेश वा उपनियम सम्झनु पर्छ।

(ढ) महिना– यो शब्दले नेपाली पञ्चाङ्गबमोजिम संक्रान्तीको हिसाब गणना गरिने महिना सम्झनु पर्छ।

(ण) चल सम्पत्ति–यो शब्दले अचल सम्पत्ति बाहेक अरू हरएक किसिमको सम्पत्तिलाई सम्झनु पर्छ।

(त) शपथ–यो शब्दले धर्म भाकनको सट्टा ऐनले प्रतिज्ञा बा घोषणा गर्न पाउने व्यक्तिले गरेको प्रतिज्ञा वा घोषणालाई समेत जनाउँछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(थ) कसूर—यो शब्दले प्रचलित कानूनबमोजिम गरेमा वा नगरेमा सजाय हुने कार्य सम्झनु पर्छ।

(द) भाग—यो शब्दले नेपाल ऐनमा 'भाग' भनी लेखिएकोमा सो ऐनको भागलाई सम्झनु पर्छ।

(ध) व्यक्ति—यो शब्दले संयुक्त भएको वा नभएको कुनै कम्पनी, संघ, वा जनसमूह समेत जनाउँछ।

(न) निर्धारित—यो शब्दले ऐनमा "निर्धारित" भनी लेखिएकोमा सो ऐन-मुताविक बनेका नियमहरू निर्धारित भएको सम्झनु पर्छ।

(प) नियम—यो शब्दले कुनै ऐनले दिएको अख्तियारको प्रयोग गरी बनाएको नियम सम्झनु पर्छ तथा कुनै ऐन अन्तरगत नियम सरह बनाएको विनियम समेतलाई जनाउँछ।

(फ) अनुसूची—यो शब्दले ऐनमा 'अनुसूची' भनि लेखिएकोमा सो ऐनको अनुसूची सम्झनु पर्छ।

(ब) दफा—यो शब्दले ऐनमा 'दफा' भनी लेखिएकोमा सो ऐनको दफा सम्झनु पर्छ।

(भ) सहिछाप—यो शब्दले आफनो हस्ताक्षरले सहि गर्न नजान्ने मानिसको हकमा उसको ल्याप्चे सहि र सहिछापको व्याकरण अनुसारको रूपान्तर तथा त्यस्तै किसिमको शब्दहरू समेत जनाउंछ।

(म) पुत्र (छोरा)—यो शब्दले ऐनमा धर्मपुत्र राख्न पाउनेले राखेको धर्मपुत्र-लाई समेत जनाउँछ।

(य) उपदफा—यो शब्दले दफामा 'उपदफा' भनी लेखिकोमा सो दफाको उपदफा सम्झनु पर्छ।

(र) इच्छापत्र—यो शब्दले बकसपत्र र मरेपछि सम्पत्ति पाउने गरी खुसीराजी-ले लेखी दिएको सबै लिखतलाई जनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) लिखत– यो शब्दले छापिएको लियो गरेको, तस्वीर खिचेको र अरु कुनै प्रकारले लेखिने बुझिने आकारमा लेखिएका शब्दहरूलाई समेत सम्झनु पर्छ।

(च) साल– यो शब्द नेपाली पञ्चाङ्ग अनुसार गनिने अर्थात् वैशाख संक्रान्तिदेखि शुरू हुने साललाई सम्झनु पर्छ।

३. ऐनहरू लागू हुनेवारेः– कुनै नेपाल ऐनमा यो मितिदेखि लागू हुने भनी नलेखिएकोमा देहाएमा लेखिएबमोजिम लागू हुनेछ।

(क) नेपाल अन्तरीम विधान २००७, सालबमोजिम बनेको ऐनको हकमा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको दिनदेखि।

(ख) अरु कुनै नेपालका ऐनहरुका हकमा ऐन बनी श्री ५ महाराजाधिराजबाट प्रमाणित गरिबक्सेका दिनदेखि।

तर नेपाल गजेटमा ती ऐन प्रकाशित हुनु अगावै गरी सकेको वा नगरेको कुनै दण्डनीय कुराको हकमा भने ती ऐनबमोजिम दण्ड सजाय हुदैन

४. खारिजीको परिणामः– कुनै नेपाल ऐनले अैलेसम्म बनेको र पछि बन्ने कुनै ऐनलाई खारेज गऱ्यो भने अर्कै अभिप्राय नदेखिएमा खारेज भएको ऐनले:—

(क) खारेज हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउदैन।

(ख) यसरी खारेज भएको ऐनको अघी चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि गरिएको कुन काम वा भोगीसकेको कुनै सजायलाई असर पार्दैन।

(ग) यसरी खारेज भएको कुनै ऐनबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्नें छैन।

(घ) यसरी खारेज भएको कुनै ऐन विरुद्ध परेको कुनै अपराधमा गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्नें छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) माथी भनिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड, सजाय वा जफतका सम्बन्धमा भएको कुनै तहकिकात कानूनी कारवाई वा उपायमा यसले असर पार्ने छैन। त्यस्तो कुनै तहकिकात कानूनी कारवाई वा उपायलाई सुरु गर्न, जारी राख्न वा लागू गर्न हुन्छ र खारेज गर्ने ऐन पास नभए सरह गरी त्यस्तो दण्ड सजाय वा जफत गरे हुन्छ।

५. कुनै मुलऐन वा विनियमको संशोधन गर्ने ऐनको खारेजी:— कुनै कुरा स्पष्ट रुपले छुटाई, थपी वा बदली कुनै नेपाल ऐनको मुल कुरालाई संशोधन गर्ने ऐनलाई कुनै नेपाल ऐन वा विनियमले खारेज गरेकोमा अर्क अभिप्राय नदेखिएसम्म त्यस्तो खारेज भएको र सो खारेज हुने वखत चालू रहेको ऐनबाट बनेको संशोधन जारी रहनमा त्यस खारेजीले असर पार्दैन।

६. खारेज भएको ऐनहरु फेरी जारी हुने दारे:— पूरा वा केही खारेज भैसकेको ऐनको पूरा वा केही भाग फेरी जारी गर्नु पर्दा नेपाल ऐनमा त्यसको प्रयोजन खुलाई स्पष्ट लेख्नु पर्छ।

७. खारेज भएका ऐनहरुको संकेतको व्याख्या:— यो वा अरुकुनै नेपाल ऐनले अघिको ऐनको कुनै कुरा खारेज गरेर रुपान्तर गरी वा नगरी फेरि लागू भएमा अर्को अभिप्राय न देखिए अरु कुनै ऐन वा आलेखमा सो खारेज भएको कुराको संकेत रहेछ भने सो संकेतलाई त्यस किसिमबाट फेरी जारी भएको ऐनको कुराको संकेत सम्झनु पर्छ।

८. समय प्रारम्भ र अन्त:— कुनै नेपाल ऐनमा केही समयको अवधि वा दिनहरुमा पहिला हिस्सा वा दिनलाई वाहेक गर्नु परेमा "देखि" भन्ने शब्द र केही समयको अवधि वा दिनहरुमा आखिरी हिस्सा वा दिन सामेल गर्नु परेमा "सम्म भन्ने" शब्द लगाए पुग्छ।

९. समयको गणना:— कुनै नेपाल ऐनमा कुनै काम वा कारवाई कुनै अड्डा वा अदालतलाई यो मितिमा वा यति म्याद भित्र गर्नु भनि तोकिएको त्रा हेर्ने वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न इजाजत दिईएको रहेछ र त्यो मिति वा त्यस्तो म्यादको आखिरीदिन-मा अड्डा वा अदालत तातेल भएमा त्यो काम वा कारवाई अड्डा वा अदालत खुलेको भोलीपल्टै भएको रहेछ भने म्यादैभित्र भएको ठहर्छ।

१०. फासलाको नाप—कुनै नेपाल ऐनको प्रयोजन निमित्त फासलाको नाप लिनुपरेमा अर्कै अभिप्राय नदेखिए समधरातलमा सीधा रेखाबाट नाप्नु पर्छ।

११. ऐनमा तोकिएको दरको अनुपातमा महसूल लिने बारेः—हाल भैरहेको वा पछि हुने कुनै ऐनबमोजिम कुनै चिजमा तौल, नाप वा मालको मोलबमोजिम महसूल अन्तः शुल्क वा यस्तै किसिमको कुनै करलाग्ने भएमा त्यस्तो महसूल लिंदा चिज धेरै थोरै जेभए पनि सोही दरले लाग्ने छ।

१२. लिंग र वचनः—विषय वा प्रसङ्गबाट अर्को अर्थ नलागेमा सबै नेपाल ऐनमा—

(१) पुलिंगलाई बुझाउने शब्दहरुले स्त्रीलिङ्गलाई पनि बुझाउँछ।

(२) एक बचनको शब्दले बहुबचन हुबचनको शब्दले एक बचनलाई बुझाउँछ।

१३. सरकार र श्री ५ लाई ऐनले बाध्य गर्ने बारेः—नेपालको कुनै ऐनले पनिः—

(क) श्री ५ महाराजाधिराजको हित, उपाधि, हक वा शाही विशेषाधिकार लोप गरेको, काट छाट गरेको, सिमित गरेको वा छोटयाएको वा

(ख) ऐनमा सो गर्ने अभिप्राय स्पष्ट खुलेको रहेनछ भने, सरकार माथि कर, दायित्व र कार्यभार बगाएको सम्झने छैन।

१४. दिईएको अधिकार समय समयमा प्रयोग गर्न पाउने बारेः—कुनै नेपाल ऐनले अख्तियार दिएकोमा अर्को अभिप्राय नदेखिए चाहिएका बखत वखतमा सो अधिकारको प्रयोग ग हुन्छ।

१५. नियुक्ति गर्ने अधिकारमा ओहोदाका हैसियतले नियुक्ति गर्ने अधिकार समेत सामेल हुने बारेः—कुनै नेपाल ऐनले कसैलाई कुनै पद वा काममा नियुक्ति गर्ने अधिकार दिएकोमा कुनै प्रतिकूल कुरा स्पष्ट रुपले उल्लेख गरिएको रहे-नछ भने योऐन जारी भए पछि यस किसिमको नियुक्ति मानिसका नामबाट वा ओदाका हैसियतबाट हुन सक्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. नियुक्ति गर्ने अधिकारमा सस्पेण्ड र बरखास्त गर्ने अधिकार समेत सामेल हुने बारेः–कुनै नेपाल ऐनले कसैलाई नियुक्ति गर्ने अधिकार दिएकोमा अर्कै अभिप्राय नदेखिए सो बखत नियुक्ति गर्ने अख्तीयार पाएका अधिकारीले आफुले वा त्यस्तो अख्तियार पाएको अरुले नियुक्ति गरेको मानिसलाई सस्पेण्ड वा बर्खास्त गर्न पाउछ।

१७. कर्मचारीहरुको साटफेरः— कुनै नेपाल ऐनले कुनै अड्डामा काम गरी रहेका वा केही जवानलाई यो ऐनबमोजिम गर्नु भनी सूचना दिंदा काम गरीरहेका वा साधारणतः त्यस्तो काम गर्ने अफिसरको दर्जा खुलाई दिए पुग्छ।

१८. उत्तराधिकारीहरुः—कुनै नेपाल ऐनमा कर्मचारीको उत्तराधिकारी संगको वा अछिन्न उत्तराधिकार भएका कर्पोरेशनको उत्तराधिकारी संगको कानूनी सम्बन्ध प्रकट गर्दा सो कर्मचारी वा कर्पोरेशन संगको सो कानूनी सम्बन्ध देखाए पुग्छ।

१९. मुख्य अफिसर मातहतका कर्मचारी— कुनै अड्डाका मुख्य वा माथिल्लो दर्जाका अफिसर संग सम्बन्ध राख्ने कानून निजहरुका ठाउमा कानून बमोजिम काम गरीरहेका डेपुटी वा मातहतका कर्मचारीहरुका हकमा लागू हुनेछ भनी भन्नालाई कुनै नेपाल ऐनमा मुख्य वा माथिल्लो दर्जाको अफिसरको कर्तव्य तोकि दिए पुग्छ।

२० ऐनबमोजिम निकालिएका आदेश इत्यादिको व्याख्याः— नेपालको कुनै ऐनले सूचना, आदेश, योजना, नियम, फाराम वा उपनियम जारी गर्ने अख्तियार दिएको भए विषय वा प्रसंगबाट अर्को अर्थ नलागमा यो ऐन लागू भएपछि पनि ती सूचना, आदेश, योजना, नियम, फाराम वा उपनियम-हरुको अर्थ सो अख्तियार दिने ऐन वा बिनयममा लागेबमोजिम नै हुन्छ।

२१ आदेश, नियम वा उपनियम बनाउने अख्तियार भित्र संशोधन गर्ने, बदल्ने वा खारेज गर्ने अख्तियारसमेत सामेल गर्ने बारेः— कुनै नेपाल ऐनले सूचना,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदेश, नियम वा उप-नियमहरू जारी गर्ने अख्तियार दिएको भए सो अख्तियारले त्यस्तै किसिमको अवस्थामा त्यहाँ निकासा मुताविक त्यही किसिमले सो जारी गरिएका सूचना, आदेश, नियम वा उपनियमहरूलाई थप्न, संशोधन गर्ने, बदलन वा खारेज गर्न हुन्छ।

२२. ऐन स्वीकृत र लागू हुँदाको विचमा नियम वा उपनियम बनाउने र आदेश जारी गर्ने बारे:— पास हुनासाथ लागू नहुने गरी बनेका कुनै नेपाल ऐन-द्वारा नियम वा उपनियमहरू बनाउन, ऐन लागू गर्नालाई कुनै आदेश जारी गर्ने कुनै, अड्डा अदालत खडा गर्ने, त्यहाँ जज, अफिसर भर्ना गर्ने, वा मानिस, समय, ठाउँ, रीत वा वस्तुको निमित्त ऐनबमोजिम केही गर्न परेमा त्यो ऐन वा विनियम पास भई सकेपछि जैले सुकै पनि त्यो अख्तियारी प्रयोग गरे हुन्छ तर यसरी बनेका वा निकालिएका आदेश, नियम वा उपनियम सो ऐन चालू नहुन्जेल लागू हुदैनन्।

२३. पहिले प्रकास गरी नियम, उपनियम बनाउनु पर्दा लागू हुने कुराहरू:— नियम वा उपनियम पहिले प्रकाश गरी बनाउने अख्तियार दिने भनी कुनै नेपाल ऐनमा लेखिएको छ भने सो विषयमा देहायका कुराहरू लागू हुनेछन्:—

(१) नियम वा उपनियमहरू बनाउन अख्तियार पाएको अधिकारीले सो नियम वा उपनियमहरूले असर पार्न सक्ने मानिसहरूलाई थाहा दिनाको निमित्त सो प्रस्तावित नियम वा उपनियमहरू बनाउनु भन्दा अगावै त्यसको मसौदा प्रकाशित गर्नु पर्दछ।

(२) अधिकारीले यति रित पुऱ्याए पुग्छ भनी ठहऱ्याए मुताविक वा पहिले प्रकाश गर्नु पर्ने बारेको शर्तले आवश्यक भएमा सरकारद्वारा तोकिएको रित पुऱ्याई प्रकाश गर्नु पर्छ।

(३) कुन मितिमा वा कुन मिति पछि त्यस विषयमा विचार गरिने हो सो समेत खोली मसौदाको साथ साथै सूचना प्रकाशित हुनु पर्छ।

२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नियम वा उपनियम बनाउन अख्तियार पाएको अधिकारीले र सो नियम वा उपनियम अरू कुनै अधिकारीको स्वीकृति, अनुमती वा सहमती लिएर बनाउनु पर्ने भए त्यस्तो स्वीकृति, अनुमती वा सहमती दिने अधिकारीले पनि त्यो नियम वा उपनियम बनाउने अख्तियार पाएको अधिकारीकहाँ तोकिएको मिति भन्दा अगावै जोसुकैबाट आएको सुझाव वा विरोधको विचार गर्नु पर्छ।

(५) पहिले प्रकाश गरी नियम वा उपनियम बनाउने अख्तियारीबमोजिम नियम वा उपनियम बनाउने आशयले नेपाल गजेटमा प्रकाश गरे पछि सो प्रकाशमा ती नियम वा उपनियम रित पूर्वक बनेका छन् भने कुराको निर्णयात्मक प्रमाण हुनेछ।

२४. खारेज भएका र पुनःजारी गरिएका ऐन अन्तर्गत निकालिएका आदेशइत्यादि लागू भई रहने बारेः—यो ऐन लागू भएपछि कुनै नेपाल ऐन केही रुपान्तर भई वा नभई खारिज भयो वा फेरि जारी भयो भने कुनै प्रतिकूल कुरा स्पष्टरुपले उल्लेख नभएमा खारेज भएका ऐनबमोजिम भएका नियुक्ति सूचना, आदेश, योजना, नियम, फाराम वा उपनियम फेरि बनेको ऐनका कुरासंग नबाझसम्म जारी नै रहनेछन र नयाँ बनेका ऐनमा लेखिए मुताबिक भएका नियुक्ति, सूचना, आदेश, योजना, नियम, फाराम वा उपनियम नियमले नहटाएसम्म नयां बनेको ऐनबमोजिम नै बनेका वा निकालिएको संझिनेछ।

२५. दुई वा धे ऐन अन्तरगत सजाय हुने कसर बारेका कुरा :— दुई वा दुई भन्दा बढी ऐन मुताबिक गरेमा वा नगरेमा कसूर मानिने काम रहेछ भने कसुरदारलाई ती मध्ये कुनै एक ऐनबमोजिम सजाय हुन्छ तर एक पटक सजाय पाई सकेपछि सो कसूरमा दोस्रो पटक सजायको भागी हुँदैन।

२६. हुलाकद्वारा तामेल गर्नुको अर्थः— कुनै नेपाल ऐनले कुनै लिखत हुलाकद्वारा तामेल गर्नु पर्ने भएमा वा सो ऐनले त्यस्तो गर्ने अख्तियार दिएमा ' तामेल


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु ', ' दिनु ' ' पठाउनु ' वा त्यस्तै अरू कुनै शब्दहरू परेको भए अर्कै अभिप्राय नदेखिएमा तामेल गर्नुको मतलब खामबन्दी गरी राम्रोसंग ठेगाना लेखी महसूल पहिलेनै तिरी रजिष्टरी गरी हुलाक दाखिला गर्नु भनेको संझनु पर्छ, त्यस्तो गरेको ठहरेमा लेखिएबमोजिमको लिखत भएको चिठी हुलाक पुग्ने साधारण समयमै पुगेको ठहर्छ ।

२७. ऐनको उल्लेखः— (१) कुनै नेपाल ऐन र सो ऐन अथवा कुनै बिनिमय अन्तर्गत वा सो संबन्धमा बनाइएको कुनै नियम, उपनियम, आलेख वा लिखतमा कुनै ऐनलाई नाम अथवा संक्षिप्त नाम दिइएको छ भने, सो नामबाट वा त्यसको नंबर र सालबाट उल्लेख गर्न सकिने छ र कुनै ऐनमा लेखिएको कुरालाई सो कुरा रहेको ऐनको दफा वा उपदफाबाट उल्लेख गर्न सकिने छ ।

(२) यो ऐन र कुनै नेपाल ऐनमा अर्को कुनै ऐनको केही भागको वर्णन वा उल्लेख गर्दा, अर्कै अभिप्राय नदेखिएसम्म सो वर्णन वा उल्लेख गरिएको भागको शुरू र अंत्यमा लेखिएको वा उल्लेख गरिएको शब्द, दफा वा अरू भागसमेत सामेलरहेको संझिनेछ।

२८. पहिलेका ऐनहरूको व्याख्यानः— (१) सम्बत् २००७ साल फाल्गुन ७ गते अघि बनेको कुनै नेपाल कानूनमा श्री ३ महाराज, मुख्तियार, वा तालुकवालालाई बुझाउने शब्दहरूले, संबत् २००७ साल फाल्गुण ७ गते उपान्त गरिएको वा गरिने कुनै काम कारवाईमा सरकारलाई भनेको सम्झनु पर्छ ।

(२) विषय वा प्रसंगबाट अरू कुरा गर्नु पर्ने आवश्यक नदेखिएमा संवत् २००७ साल फाल्गुण ७ गते अघि बनेका नेपाल कानूनको व्याख्यामा यस ऐनका दफा ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, र २१ लागू हुनेछन्।

आज्ञा ले—

तिलकशमशेर सेक्रेटरी—कानूनमन्त्रालय.

२४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# गृह मन्त्रालयको सूचना

गृ. १ ७२ फु. ८२६८ ७४–१०–०११

सरहद र देश विदेशका समेत विभिन्न पत्र पत्रिकाका प्रतिनिधिहरू हौं भनी मन्त्रालय श्री माननीय मन्त्रीजी समेत छेउआई समाचार संग्रह गर्न आउने गरेको, तर एकाद्जनाबाहेक अरू विभिन्न पत्र पत्रिकाका प्रतिनिधि हुन होइनन् भन्ने राम्रो थाहा नभएको, जो कोहीले पनि फलाना पत्र या पत्रिकाको प्रतिनिधि हूँ भनी समाचार सग्रह संकलन गर्न आउन सक्ने, त्यसरी आएकालाई समाचार दिंदा पनि जो कोहीले पाउने र दिने गर्न पर्ने, नदिए पनि साँचैनै मनोनीत प्रतिनिधिले नपाई समाचार प्रचारमा बाधा पनि पर्न आउने भएकोले अबलाई निम्न लिखितबमोजिम रीत पुऱ्याई विभिन्न पत्रपत्रिकाका मनोनीत प्रतिनिधिहरुको गृहमन्त्रालय प्रचार विभागमा दर्ता गराई हाम्रो सरकार तरफको निस्सा लगाई प्रमाणपत्र (सर्टिफिकेट) गरी दिने व्यवस्था हुने भएकोले यो सूचना प्रकाशित गरिएको छ। संबन्धित व्यक्तहरूले १ महिनाभित्र तल उल्लेख गरिएअनुसार रीतपूर्वक आवेदनपत्र पेश गरी प्रमाण पत्र लिने काम गर्नुहोला।

१. सरहद वा देश विदेशका समेत पत्र पत्रिकाका प्रतिनिधिहरुले आफ्नु जुन पत्र वा पत्रिकाको प्रतिनिधी हुनु हुन्छ, त्यसको मेनेजिंग डाइरेक्टर वा मेनेजरको फलाना यो पत्रको मनोनीत प्रतिनिधि हुनु हुन्छ, भन्ने प्रमाणपत्र ली गृहमन्त्रालय (पब्लिसिटी) विभागमा आई उक्त पत्रका प्रतिनिधि भै काम गर्ने इजाजत पाउँ भन दरखास्त दिनुपर्छ। उक्त मन्त्रालय र बिभागबाट त्यस्तो दरखास्त पर्न आएमा दरखास्तवालाको चाल चलन बुझी असल चाल चलनको व्यक्ति देखिएमा दरखास्तवालालाई पत्र पत्रिकाको प्रतिनिधि भै काम गर्न पाउने गरी निस्सा लगाई प्रमाणपत्र दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. यो प्रमाण पत्र वर्ष एकसम्म बहाल रहनेछ । म्याद पुगेपछि बहाल गराई लिनुपर्छ, बहाल ( रिन्यू ) गरी दिंदा वर्ष एकको निमित्त मात्र गरी दिइनेछ ।

३. प्रमाण पत्र भै गएपछि फलाना फलाना यो यो पत्रको प्रतिनिधित्व गर्न पाउने गरी प्रमाण पत्र भै गएको भनी पत्र पत्रीका, प्रतिनिधि हुनेको नाम र प्रमाण पत्र भै गएको मिति समेत खुलाई दर्ता किताप खडा गरी राखी म्याद भुक्तान भै बहाल ( रिन्यू ) भएकोमा यो मितिमा बहाल ( रिन्यू ) भै गएको भन्ने जनाई राखिनेछ ।

४. बिच बिचमा बहाल ( रिन्यू ) गर्दा झन्झट पर्ने हुँदा शुरुमा जुन मितिमा प्रमाण पत्र दिइएमा पनि सो सालको चैत्र मसान्त सम्मलाई मात्र प्रमाण पत्र दिने र बहाल गर्दा बहाल गरेको सालको चैत्र मसान्तलाई मात्र गरीदिइनेछ ।

५. उपर्युक्त प्रमाणपत्र प्राप्त पत्र पत्रिकाका प्रतिनिधीहरुलाई सो प्रमाण पत्र देखिएपछी मन लागेको ठाउँ जस्तैजंगी छावनी, राजदरवार इत्याद बाहेक रोकटोक हुन नपाउने र सो निस्सा देखाएमा राती पैरोल नभए पनि छाडी दिने तर सो कुराको रिपोर्ट पुलीसले गर्ने, गए आएको ठाउँ भने बताउनुपर्ने सुविधा प्रदान गरिनेछ ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—गृहमन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज जोशी

मुद्रण विभाग

२६२

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।